# ३ येशू र प्रकाशको पुस्तक

*__यस अध्यायका मूल पदहरू__*: १ कोरन्थी १०:१-११, प्रकाश १२:१-१७, १९:११-१५, एफिसी १:२०य प्रकाश ११:१९, १:१०-१८।

*__यस अध्यायको मूल सार पद__*: **"जो बिजयी छ उसलाई मेरो सिंहासनमा मसँग बस्न अधिकार प्रदान गर्नेछु, जसरी म पनि बिजयी भएर मेरा पिताको सिंहासनमा बसें" (प्रकाश ३:२१ रूपान्तरित)।**

**नयाँ** करारको पुस्तकलाई सरसर्ती हेर्दा पनि नयाँ करारका पुस्तकहरूले पुरानो करारका पुस्तकहरूमा लिखित समय र घट्नालाई सम्बोधन गरेर लेखिएको पाइन्छ। कुनै न कुनै प्रकारले नयाँ करारले पुरानो करारको पुस्तकलाई उद्धृत गरेर नयाँ करारको औचित्यलाई साबित गरेको पाइन्छ। येशूले आफू र आफ्नो सेवाकार्यलाई अनुमोदन गर्न पुरानो करारका शास्त्रहरूलाई नै औँल्याएर त्यहाँ लेखिएका वचनहरू पूरा हुनुपर्छ भन्नुभएको थियो (मत्ती २६:५४,५६: मर्कूस १४:४९, यूहन्ना १३:१८, १७:१२ आदि)। त्यही कुरा प्रकाशको पुस्तकको बारेमा पनि भन्न सकिन्छ। पुरानो करार बिशेष गरेर दानिएलको पुस्तक बिना प्रकाशको पुस्तक बुझ्न झन्डै असम्भव छ भने पनि हुन्छ। त्यसै कारण हामी दुवै पुस्तकहरूलाई तुलना गरेर अध्ययन गर्छौं।

प्रकाशको पुस्तकमा उल्लेख गरिएको पुरानो करारका पुस्तकहरू र बाँकी सबै पुस्तकहरूले एक निर्णायक बिषयबस्तुलाई औँल्याउँछ। त्यो हो येशूको प्रकटीकरण । प्रकाशको पुस्तकको मूल बिषयबस्तु नै येशू हुनुहुन्छ। उहाँ को हुनुहुन्छ, उहाँले मानिसहरूलाई के गर्नुभयो र अन्तको समयमा उहाँले के गर्नुहुनेछ भन्ने बिषयबस्तुहरूले प्रकाशको पुस्तक भरिएको छ। अन्तिम समयमा हुने घटनाहरूलाई अध्ययन गर्दा जहिले पनि येशूलाई नै अगाडि राख्नुपर्छ र उहाँलाई नै केन्द्रबिन्दु बनाउन आवश्यक भएको विषय सबैले महसुस गर्नुपर्छ। प्रकाशको पुस्तकले त्यसै गरेको छ। यस अध्यायमा प्रकाशको पुस्तकमा गरिएको येशूको बर्णन  हेर्नेछौं।

## १. प्रकाशको पुस्तकको बनोट

दुबै दानिएल र प्रकाशको पुस्तकमा धेरै समान विषयबस्तुहरू भएतापनि ती दुवै पुस्तकहरूलाई दुई खण्डमा बिभाजन गरिएको छ। त्यो हो ऐतिहासिक र युगको अन्तमा हुने घट्नाहरूको बिवरण। ती दुवै अवधारणाहरू दुवै पुस्तकहरूमा मजासँग बुनिएका छन्। स्थानीय तहमा होस् वा विश्वव्यापी रूपमा होस् वा सानो तिनो ऐतिहासिक घट्नाहरूलाई युगको अन्तमा हुने घट्नाहरूका उदाहरण वा पूर्व सूचनाको रूपमा हामी हेर्न सक्छौं। अर्थात् पुरानो करारको इतिहासमा घटेका घट्नाहरूलाई अध्ययन गर्दा हामीहरूको समयमा र पछि हुने घट्नाहरूलाई कसरी औंल्याउँछ सो थाहा पाउन सक्छौं। यो दृष्टिकोण केवल दानिएल र प्रकाशको पुस्तकमामात्र सिमित नभएको हामीले पाउँछौं।

**माथि भनिएका कुराहरूसँग पावल सहमत भएको १ कोरन्थी १०:१-११मा कसरी देखाइएको छ? हेर्नुहोस्: "१ भाइ हो, तिमीहरूले यो कुरा जान भनी म चाहन्छु, कि हाम्रा पुर्खाहरू सब बादलमुनि थिए, र सबै समुद्रको बीचबाट भएर गए। २ अनि मोशामा तिनीहरू सबैले बादल र समुद्रमा बप्तिस्मा पाएका थिए। ३ सबैले एउटै आत्मिक भोजन खाए। ४ सबैले आत्मिक पानी पिए, किनकि तिनीहरूका साथसाथै हिँड्ने आत्मिक चट्टानको पानी तिनीहरूले पिए। त्यो चट्टानचाहिँ ख्रीष्ट नै हुनुहुन्थ्यो। ५ तापनि तिनीहरूमध्ये धेरैजसोसँग परमेश्वर प्रसन्न हुनुभएन, र तिनीहरू मरुभूमिमा नष्ट भए। ६ उनीहरूले जस्तै मीले खराबीको इच्छा नगरौं भनी यी कुरा हाम्रो चेतावनीको लागि हुन्। ७ तिनीहरूमध्ये कति झैं तिमीहरू मूर्तिपूजक नहोओ। जस्तो लेखिएको छ, " मानिसहरू खान र पिउनलाई बसे, अनि नाच्नलाई उठे।" ८ हामी व्यभिचारमा फस्नुहुँदैन, जसरी तिनीहरूमध्ये कति जना फसे, र एकै दिनमा तेईस हजार मरेका थिए। ९ हामीले प्रभुको परीक्षा गर्नुहुँदैन, जसरी तिनीहरूमध्ये कतिले गरे, र सर्पहरूद्वारा नष्ट भएका थिए। १० हामीले गनगन गर्नुहुँदैन, जसरी तिनीहरूमध्ये कतिले गरे, र विनाशकबाट नष्ट भएका थिए। ११ यी कुराहरू तिनीहरूलाई चेतावनीको निम्ति भए तापनि ती हाम्रै शिक्षाको निम्ति लेखिएका हुन्, जसमाथि युगको अन्त्य आइसकेको छ।"**

दानिएलमा उल्लेखित केही कथाहरू (दानिएल ३:६,१५,२७ र ६:६-९,२१,२२) स्थानीय तहमा घटेतापनि त्यसले प्रकाशमा उल्लेखित अन्तिम दिनमा हुने घट्नाहरूलाई कसरी प्रतीबिम्बीत गर्छ भनेर हामीले अगाडि हेऱ्यौं। ती कथाहरूलाई हेरेर परमेश्वरका जनहरूले युगको अन्तमा सामना गर्नुपर्ने

परिस्थितिहरू केही हदसम्म हामी बुझ्न सक्छौं। तर महत्त्वपूर्ण कुरा थाहा पाउनुपर्ने त यो छ कि जुनसुकै परिस्थितिमा परमेश्वरका जनहरूले सामना गर्नुपरेतापनि अन्तमा परमेश्वरले उद्धार गर्नुहुनेछ भन्ने बचन पक्का छ। जेभएतापनि परमेश्वरको निष्ठामा रहेका मानिसहरूलाई परमेश्वरले बिजय दिनुहुन्छ प्रकाशको पुस्तकले सिकाउँदछ।

केही अलग कुराहरू प्रकाशको पुस्तकले सिकाएतापनि त्यस पुस्तकको ऐतिहासिक भाग अध्याय १-११मा छ भने युगको अन्तमा हुने घट्नाको बिवरण अध्याय १३-२२मा पाइन्छ।

**प्रकाश १२:१-१७ पढ्नुहोस्। त्यहाँ उल्लेखित बिवरण इतिहासमा घटेका घट्ना भनेर भन्ने कि युगको अन्तमा? किन? "१ स्वर्गमा एउटा आश्चर्यजनक चिन्ह देखियोः सूर्य पहिरेकी एउटी स्त्री देखा परी, जसको पाउमुनि चन्द्रमा थियो, र त्यसले शिरमा बाह्र वटा ताराको मुकुट लाएकी थिई। २ त्यो गर्भवती थिई, र जन्माउने अवस्थाको पीडामा प्रसववेदनाले चिच्याइरहेकी थिई। ३ अनि स्वर्गमा अर्को एउटा चिन्ह देखियोः सात वटा शिर, दश वटा सिङ र शिरमा सात वटा मुकुट लाएको एउटा ठूलो रातो अजिङ्गर देखा पऱ्यो। ४ त्यसको पुच्छरले स्वर्गको एक तिहाइ ताराहरूलाई सोहोरेर पृथ्वीमा फालिदियो। बालक जन्मनासाथ त्यसलाई निलिहालूँ भनी त्यो अजिङ्गर बालक जन्माउन लागेकी स्त्रीको सामुन्ने खड़ा थियो। ५ त्यस स्त्रीले सारा जातिलाई फलामको डन्डाले शासन गर्ने एउटा छोरो जन्माई। त्यसको बालक परमेश्वरकहाँ उठाइएर उहाँको सिंहासनमा लगियो। ६ त्यो स्त्रीचाहिँ उजाड-स्थानभित्र भागी, जहाँ एक हजार दुई सय साठी दिनसम्म त्यसको पालनपोषण होस् भनेर परमेश्वरले त्यसको लागि ठाउँ तयार राख्नुभएको थियो। ७ अनि स्वर्गमा लड़ाइँ भयो। मिखाएल र तिनका दूतहरूले त्यस अजिङ्गरसँग युद्ध गरे। अजिङ्गर र त्यसका दूतहरूले पनि युद्ध गरे, ८ तर यिनीहरू हारे, र यिनीहरूका निम्ति स्वर्गमा कुनै ठाउँ रहेन। ९ त्यो ठूलो अजिङ्गर तल फालियो– त्यो प्राचीन सर्प, जो सारा संसारलाई बहकाउने दियाबलस वा शैतान हो। त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए। १० तब मैले स्वर्गमा यसो भनिरहेको एउटा ठूलो आवाज सुनें, "अब हाम्रा परमेश्वरको मुक्ति, शक्ति, राज्य र उहाँका ख्रीष्टको अधिकार आएको छ। किनकि हाम्रा भाइहरूलाई दोष लगाउने, जसले हाम्रा परमेश्वरको सामुन्ने तिनीहरूलाई दिनरात दोष लगाउँछ, त्यो तल फ्याँकिएको छ। ११ तिनीहरूले थुमाको रगत र आफ्ना गवाहीको वचनको कारण त्यसलाई जितेका छन्, र तिनीहरूले मृत्युसम्मै पनि आफ्नो ज्यानको माया**

राखेनन्। १२ यसकारण हे स्वर्गमा रहनेहरू, तिमीहरू रमाओ। तर पृथ्वी र समुद्रलाई धिक्कार छ! किनभने आफ्नो समय अल्प छ भनी थाहा पाएर दियाबलस ठूलो क्रोधसाथ तिमीहरूकहाँ तल आएको छ।" १३ जब त्यस अजिङ्गरले आफू पृथ्वीमा फ्याँकिएको देख्यो, तब त्यसले छोरो जन्माउने त्यस स्त्रीलाई खेद्यो। १४ तर त्यस स्त्रीलाई त्यस सर्पको सम्मुखबाट उजाड-स्थानमा उड़ेर जानलाई ठूलो गरुडका दुई पखेटा दिइए। त्यो उजाड-स्थान साढ़े तीन वर्षसम्म त्यस स्त्रीको पालनपोषणको निम्ति तयार गरिएको थियो।
१५ त्यस स्त्रीलाई बाढ़ले बगाओस् भनेर त्यस सर्पले स्त्रीको पछि आफ्नो मुखबाट नदीजस्तै पानी निकाल्यो। १६ तर पृथ्वीले त्यस स्त्रीलाई सहायता गऱ्यो, र अजिङ्गरले आफ्नो मुखबाट निकालेको नदी पृथ्वीले आफ्नो मुख उघारेर निलिदियो। १७ तब त्यो अजिङ्गर त्यस स्त्रीसँग क्रोधित भयो र त्यसको बाँकी सन्तानसँग युद्ध गर्न गयो अर्थात् तिनीहरूसँग जुनहरूले परमेश्वरका आज्ञाहरू पालन गर्छन् र येशूको गवाही दिन्छन्। १८अनि त्यो अजिङ्गर समुद्रको किनारमा खड़ा भयो।

यो अध्याय साँच्चिक्कै हेर्ने हो भने विगतको इतिहास र पछि हुने घट्नासँग सम्बन्धित भएको पाइन्छ। किन त? किनभने ऐतिहासिक सन्दर्भमा हेर्ने हो भने यसले स्वर्गबाट शैतानलाई निकालिएको बताउँछ (प्रकाश १७:७-९), अनि शैतानले बालक येशूमाथि हमला गर्छ (प्रकाश १२:४) र चर्चको इतिहासमा चर्चले भोग्नुपरेको सतावट (प्रकाश १२:१४-१६) र अनि बाँकी रहेका परमेश्वरका जनहरूलाई शैतानले हमला कसरी गर्छ भनेर चित्रण गर्दछ (प्रकाश १२:१७)।

हामीले इतिहासबाट सिक्नुपर्ने पाठ इतिहासबाट कहिल्यै पनि सिक्दैनौं भनेर भनिन्छ। त्यसको अर्थ मानिसहरू जहाँ रहेतापनि जुनसुकै देशमा रहेतापनि तिनीहरूले भुल गरि नै रहेक हुन्छन्। तर हाम्रो माझमा कतिपय इतिहास भएको हुनाले हामीले पनि त्यही खालको भुल नगर्न कसरी सिक्ने?

## २. येशूको बारेमा विभिन्न चित्रणहरू

देहायका पदहरू पढ्नुहोस्। ती पदहरूले येशूलाई विभिन्न नाउँले सम्बोधन गरिएको छ। कुनै मामिलामा उहाँको बारेमा ती चित्रणहरू गरिएका छन् जसले उहाँले के गर्नुभयो, के गरिरहनुभएको छ र के गर्नुहुनेछ। ती पदहरूले येशूको बारेमा हामीलाई के सिकाउँदछ? हेर्नुहोस्: प्रकाश १:५,६ "विश्वासयोग्य साक्षी येशू ख्रीष्टदेखि, मृतकबाट प्रथम जीवित हुनुभएको, तथा पृथ्वीका राजाहरूका शासकको तर्फबाट। हामीलाई प्रेम गर्नुहुने र आफ्नो

रगतले हामीलाई हाम्रा पापबाट स्वतन्त्र पार्नुहुनेलाई, ६ हामीलाई एउटा राज्य, उहाँका पिता र परमेश्वरका पूजाहारीहरू तुल्याउनुहुने, उहाँलाई महिमा र पराक्रम सदासर्वदा होस्। आमेन।", प्रकाश १:११-२० "११ "तिमी जे देख्तछौ, सो एउटा पुस्तकमा लेख, र सातै वटा मण्डलीलाई पठाऊ, अर्थात् एफिसस, स्मुर्ना, पर्गामम, थिआटीरा, सार्डिस, फिलाडेल्फिया र लाउडिकियालाई।" १२ मसँग बोल्नेलाई हेरौं भनेर म पछि फर्कें। फर्केर हेर्दा सात वटा सुनका सामदान १३ र सामदानहरूका माझमा मानिसको पुत्रजस्तै पाउसम्मै पोशाक लाउनुभएको र छातीमा सुनौला चौडा फित्ता लाउनुभएको एक जनालाई मैले देखें। १४ उहाँका शिर र केश ऊनजस्तो सेता र हिउँजस्तै सेता, र उहाँका आँखा आगोका ज्वालाजस्तै थिए। १५ उहाँका पाउहरू आगोको भट्टीमा खारेर टल्काइएका काँसाजस्ता थिए, र उहाँको सोरचाहिँ उर्लदो पानीहरूको आवाजजस्तै थियो। १६ उहाँको दाहिने बाहुलीले सात वटा ताराहरू पक्रिराखेको थियो, र उहाँको मुखबाट धारिलो दुईधारे तरवार निस्केको थियो। उहाँको मुहारचाहिँ पूरा तेजमा चम्केको सूर्यजस्तै थियो। १७ जब मैले उहाँलाई देखें, तब म मरेतुल्य भएर उहाँका पाउमा परें। तर उहाँले आफ्नो दाहिने बाहुली यसो भनेर ममाथि राख्नुभयो, "नडराऊ, आदि र अन्त्य १८ र जीवितचाहिँ म नै हुँ। म मरेको थिएँ। हेर, म सदासर्वदाको निम्ति जीवित छु, अनि मृत्यु र पातालका साँचाहरू मसित छन्। १९ यसकारण तिमीले जे देख्छौ, र जे छ र यसपछि जे हुन आउनेछ, लेख। २० मेरो दाहिने हातमा तिमीले देखेका यी सात तारा र सुनका यी सात सामदानको रहस्य यो होः सात तारा सात मण्डलीका स्वर्गदूतहरू र सात वटा सामदानचाहिँ सात मण्डलीहरू हुन्।", प्रकाश ५ "१ सिंहासनमा विराजमान हुनुहुनेको दाहिने बाहुलीमा भित्र र बाहिरपट्टि लेखिएको एउटा चर्मपत्रको मुट्ठो मैले देखें, जो सात वटा मोहोर लगाएर बन्द गरिएको थियो। २ अनि एउटा बलवान् स्वर्गदूतलाई ठूलो आवाजले यसो भनिरहेको मैले देखें, "यो मुट्ठो खोल्न र यसका मोहोरहरू तोड्न योग्य को छ ? ३ स्वर्गमा अथवा पृथ्वीमा वा पृथ्वीमुनि यो चर्मपत्रको मुट्ठो खोल्न वा त्यसभित्र हेर्न सक्ने कोही थिएन। ४ कोही पनि त्यो चर्मपत्रको मुट्ठो खोल्ने अथवा त्यसभित्र हेर्ने योग्यको नपाइएको हुनाले म खूबै रोएँ। ५ तब धर्म-गुरुहरूमध्ये एक जनाले मलाई भने, "नरोऊ! हेर, यहूदाका कुलको सिंह, दाऊदको मूल यो मुट्ठो र यी सात वटा मोहोरहरू खोल्न विजयी हुनुभएको छ।" ६ तब मैले एउटा थुमा उभिरहनुभएको देखें, जो मारिएको जस्तो देखा पर्नुहुन्थ्यो। उहाँ सिंहासन र चार जीवित प्राणीहरूका बीचमा, र धर्म-गुरुहरूका माझमा हुनुहुन्थ्यो। उहाँका सात वटा

सिङ र सात वटा आँखा थिए, जुनहरू सारा पृथ्वीमा पठाइएका परमेश्वरका सात आत्मा हुन्। ७ उहाँ जानुभयो, र सिंहासनमा विराजमान हुनुहुनेको दाहिने बाहुलीबाट त्यो मुट्ठो लिनुभयो। ८ जब उहाँले त्यो मुट्ठो लिनुभयो, तब ती चारै जीवित प्राणी र चौबीसै धर्म-गुरुहरू थुमाको सामुन्ने घोप्टो परे। प्रत्येकको हातमा वीणा र धूपले भरिएका सुनका पात्रहरू थिए, जो सन्तहरूका प्रार्थना हुन्। ९ तिनीहरूले यसो भन्दै एउटा नयाँ गीत गाए: "तपाईं यो चर्मपत्रको मुट्ठो लिने र त्यसका मोहोरहरू तोड्ने योग्यका हुनुहुन्छ, तपाईं मारिनुभयो र आफ्नो रगतद्वारा तपाईंले परमेश्वरको निम्ति हरेक कुल, भाषा, मानिस र जातिबाट मानिसहरूलाई छुटकारा दिनुभयो, १० र तिनीहरूलाई राज्य र हाम्रा परमेश्वरका पूजाहारी बनाउनुभएको छ, र तिनीहरूले पृथ्वीमा राज्य गर्नेछन्।" ११ तब मैले हेरें, अनि सिंहासन, जीवित प्राणीहरू र धर्म-गुरुहरूका वरिपरि धेरै स्वर्गदूतहरूका आवाज सुनें। तिनीहरूको संख्या लाखौं र करोडौं थियो। १२ तिनीहरू चर्को सोरले यसो भनिरहेका थिए, "मारिएका थुमा सामर्थ्य, वैभव, बुद्धि, शक्ति सम्मान, महिमा, र स्तुति ग्रहण गर्ने योग्यका हुनुहुन्छ।" १३ अनि स्वर्गमा, पृथ्वीमा, पृथ्वीमुनि, समुद्र र त्यहाँ भएको हरेक प्राणीले यसो भनिरहेको मैले सुनें, "सिंहासनमा विराजमान हुनुहुनेलाई र थुमालाई स्तुति, सम्मान, महिमा, र सामर्थ्य सदासर्वदा होस्।" १४ तब ती चारै जीवित प्राणीले भने, "आमेन।" अनि ती धर्म-गुरुहरूले घोप्टो परेर दण्डवत् गरे।", प्रकाश १९:११-१७ "११ मैले स्वर्ग उघ्रेको देखें र त्यहाँ एउटा सेतो घोडा थियो। त्यसमाथि सवार हुनुहुने 'विश्वासयोग्य र सत्य' कहलाइनुहुन्छ। धार्मिकतामा उहाँले इन्साफ र युद्ध गर्नुहुन्छ। १२ उहाँका आँखा आगोका ज्वालाजस्ता थिए, र उहाँको शिरमा धेरै राजमुकुट थिए। उहाँमा एउटा नाउँ अङ्कित थियो, जो उहाँलाई बाहेक अरू कसैलाई थाहा थिएन। १३ उहाँले रगतमा चोबलिएको पोशाक पहिरनुभएको थियो, र उहाँको नाउँ 'परमेश्वरको वचन' थियो। १४ स्वर्गका सेनाहरू सेता र स्वच्छ मलमलका वस्त्र पहिरिई सेता घोडाहरूमा चढ़ेर उहाँको पछिपछि लागे। १५ जातिजातिहरूलाई प्रहार गर्न उहाँको मुखबाट धारिलो तरवार निस्कन्छ, र उहाँले फलामको डन्डाले तिनीहरूमाथि शासन गर्नुहुनेछ। सर्वशक्तिमान् परमेश्वरका क्रोधको दाख-कुण्ड उहाँले कुल्चनुहुन्छ। १६ उहाँका पोशाक र तिघ्रामा 'राजाहरूका राजा र प्रभुहरूका प्रभु' अङ्कित छ। १७ तब मैले एउटा स्वर्गदूत सूर्यमा उभिरहेका देखें। तिनले मध्य आकाशमा उड्ने सबै पक्षीहरूलाई चर्को सोरले यसो भने, 'आओ, परमेश्वरको ठूलो भोजमा भेला होओ।" र प्रकाश २१:१-७ "१ तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश

**र पहिलो पृथ्वी बितिगएका थिए। समुद्र त अब छँदैथिएन। २ अनि मैले परमेश्वरबाट दुलहाको निम्ति दुलही जस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, अर्थात् पवित्र सहर, नयाँ यरूशलेम स्वर्गबाट तलतिर झरिरहेको देखें। ३ सिंहासनबाट यसो भन्ने एउटा चर्को सोर मैले सुनें, ' हेर, परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्वर आफै तिनीहरूका परमेश्वर भएर तिनीहरूसँग रहनुहुनेछ। ४ उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्।' ५ सिंहासनमा विराजमान हुनुहुनेले मलाई भन्नुभयो, 'हेर, म सबै कुरा नयाँ तुल्याउँछु।' उहाँले यसो पनि भन्नुभयो, 'यो लेख, यी कुराहरू भरपर्दा र सत्य छन्।' ६ उहाँले मलाई भन्नुभयो, 'अब सिद्धियो। म अल्फा र ओमेगा हुँ, आदि र अन्त्य म नै हुँ। तिर्खाउनेहरूलाई जीवनका पानीको फुहाराबाट म सित्तैंमा दिनेछु। ७ जसले विजय प्राप्त गर्छ त्यसले यो उत्तराधिकार पाउनेछ, र म त्यसका परमेश्वर हुनेछु, र त्योचाहिँ मेरो छोरो हुनेछ।"**

येशू ख्रीष्ट को हुनुहुन्छ र उहाँको विभिन्न भूमिका र कामहरू के के हुन् भनेर बताउन उपर्युक्त पदहरू केवल केही मात्र हुन्। उहाँको पहिलो आगमनलाई थुमा वा पाठो भनेर सम्बोधन गरिन्छ किनभने हामीहरूको पापको निम्ति उहाँले आफूलाई बलि चढाउनुभयो। आफै मरेर उहाँले हाम्रो पक्षमा पूजा गर्नुभयो। पावलले १ कोरन्थी ५:६-८मा उल्लेख गर्दछन्, "६ तिमीहरूको घमण्ड ठीक होइन। अलिकता खमिरले जम्मै ढिकालाई खमिरा बनाइहाल्छ भन्ने के तिमीहरूलाई थाहा छैन? ७ नयाँ ढिका बन्नलाई पुरानो खमिरलाई निकाल, किनकि तिमीहरू वास्तवमा अखमिरी नै हौ। *हाम्रो निस्तारको थुमा, ख्रीष्टको बलिदान भइसकेको छ।* ८ यसकारण हामी पुरानो खमिरले, अर्थात् कुकर्म र दुष्टताको खमिरले होइन, तर निष्कपटता र सत्यताको अखमिरी रोटीले चाड मनाऔं")। उहाँ मरिपनि सक्नुभएको थियो "हेर म मरेको थिएँ तर म सदाको निम्ति जिवित छु" (प्रकाश १:१८)। उहाँको मृत्यु र मरेकोबाट पुनरुत्थान हुनुभएको चित्रण स्पष्ट छ। "यसरी पनि लेखिएको छ, 'येशू ख्रीष्टले दुःख भोग्नु  र तेस्रो दिनमा मृत्युबाट ब्युँझनुपर्छ।'" लूका २४:४६ रूपान्तरित। प्रकाश १९:११-१५मा उहाँको दोस्रो आगमनको भूमिकाको चित्रण गरिएको छ। उहाँको हातमा न्यायको फैसला लिएर यस संसारमा शक्ति र तेजस्वीमय महिमाको साथमा उहाँ

आउनुहुनेछ।"मानिसको पुत्र उहाँको पिताको महिमासाथ उहाँका स्वर्गदूतहरूको साथमा आउनेछ र प्रत्येक व्यक्तिलाई उसको काम अनुसार इनाम दिइनेछ" (मत्ती १६:२७ रूपान्तरित)।

**हामीले दैनिक जीवनमा प्रभु येशूको जीवन, मृत्यु, पुनरुत्थान र उहाँको दोस्रो आगमनलाई केन्द्रविन्दु बनाएर कसरी चल्ने? उहाँ नै हाम्रो अस्तित्वको कारण र हामीले निर्णय गर्ने सबै नैतिक निर्णयहरूको आधार उहाँ नै हुनुहुन्छ भनेर कसरी आत्मसात् गर्ने?**

## ३. प्रकाशको पुस्तकमा चित्रण गरिएको परमेश्वरको पवित्र मन्दिरको मूल तत्व

प्रकाशको पुस्तक दुई खण्डमा बिभाजित भएको छ तर त्यसको संरचनामा अर्को बिषय थपिएको छ, त्यो हो इस्रायलीहरूलाई दिइएको परमेश्वरको पवित्र मन्दिरको अवधारणा। प्रकाशको पुस्तकमा पवित्र मन्दिरको विषयलाई कुनै न कुनै रूपमा पूरै पुस्तकमा बुनिएको पाइन्छ।

यस पृथ्वीमा भएको परमेश्वरको पवित्र मन्दिरको भागहरूमा आँगन र आँगनमा बेदी छ जहाँ पशुहरूको बलि दिइन्थ्यो। पशुको बलिले क्रुसमा येशूको मृत्युलाई औंल्याउँछ, तब पूजारीले त्यस बलिको रगत लिएर मन्दिरको पहिलो पवित्र कोठामा जान्थे। आफ्नो पुनरुत्थान पछि येशूले स्वर्गको पवित्र मन्दिरमा के गर्नुभयो त्यो पूजारीले गर्ने नमूनाको रूपमा प्रस्तुत गरिएको थियो। सामदानहरूको माझमा येशू हिंड्नुभएको चित्रणले उहाँ पवित्र मन्दिरमा हिड्नुहुने कामलाई देखाउँदछ (प्रकाश १:१३)।

**प्रकाश ४:१,२ पढ्नुहोस्। ढोका खोलेको अर्थ के हो? त्यो कहाँ छ? "१ यसपछि मैले हेरें, र स्वर्गमा एउटा ढोका देखें, जो खुला थियो। मैले पहिले सुनेको सोर तुरहीको जस्तो आवाजमा मसँग यसरी बोलिरहेको थियो, 'यतामाथि आऊ, र अब यसपछि जुन कुराहरू हुनुपर्छ सो म तिमीलाई देखाउनेछु।' २ म तुरुन्तै आत्मामा भएँ। हेर, स्वर्गमा एउटा सिंहासन थियो, र एक जना त्यस सिंहासनमा विराजमान हुनुहुन्थ्यो।" देहायका पदहरू पनि पढ्नुहोस्ः प्रेरित २:३२-३५ "३२ यिनै येशूलाई परमेश्वरले जीवित पार्नुभयो। यस कुराका हामी सबै साक्षी छौं। ३३ यसैकारण परमेश्वरको दाहिने बाहुलीपट्टि उहाँ उच्च पारिनुभयो, र पिताबाट पवित्र आत्माको प्रतिज्ञा पाउनुभयो, र उहाँले यो खन्याइदिनुभएको हो, जे तपाईंहरू देख्नु र सुन्नुहुन्छ। ३४ किनकि दाऊद त स्वर्गमा चढ़ेनन्, तर उनी आफैले भन्दछन्, 'परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो, तिमी मेरो दाहिने हातपट्टि बस ३५ जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा खुट्टाको पाउदान तुल्याउँदिनँ।", एफिसी १:२० "जो उहाँले ख्रीष्टमा पूरा गर्नुभयो, जब**

उहाँले ख्रीष्टलाई मरेकाहरूबाट जीवित पार्नुभयो, अनि स्वर्गीय स्थानहरूमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो।", हिब्रू १०:७-१४ "७ तब मैले भने, 'हेर्नुहोस्, हे परमेश्वर, पुस्तकको मुट्ठोमा मेरो बारेमा लेखिएजस्तै तपाईंकै इच्छा पूरा गर्न म आएको छु।' ८ पहिले उहाँले भन्नुभयो, 'बलि र भेटीहरू, होमबलि र पापबलिहरू तपाईंले चाहनुभएन। तपाईं तिनीहरूमा प्रसन्न हुनुभएन।' यी त व्यवस्थाबमोजिम चढ़ाइन्छन्।) ९ अनि पछिबाट भन्नुभयो, 'हेर्नुहोस्, तपाईंकै इच्छा पूरा गर्न म आएको छु।' दोस्रोलाई स्थापित गर्न पहिलोचाहिँ उहाँले खारेज गर्नुहुन्छ। १० त्यही इच्छाबाट येशू ख्रीष्टका शरीरको बलिद्वारा सदाको निम्ति हामी पवित्र बनाइएका छौं। ११ हरेक पूजाहारी एकै किसिमको बलि बारम्बार चढ़ाउँदै प्रतिदिन सेवामा खड़ा रहन्छ, जुन बलिले कहिल्यै पाप हरण गर्न सक्दैन। १२ तर ख्रीष्टले त पापहरूका निम्ति सदाको लागि एउटै बलिदान चढ़ाउनुभयो, अनि उहाँ परमेश्वरको दाहिने बाहुलीतर्फ विराजमान हुनुभयो। १३ र उहाँका शत्रुहरू उहाँको पाउदान नहोउञ्जेल उहाँ पर्खिरहनुहुन्छ। १४ किनकि एउटै बलिद्वारा जो पवित्र तुल्याइँदैछन्, तिनीहरूलाई उहाँले सदाको निम्ति सिद्ध बनाउनुभएको छ।", भजन ११०:१"१ परमप्रभु मेरा परमप्रभुलाई भन्नुहुन्छ,
"तिमी मेरो दाहिने हातपट्टि बस, जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा खुट्टाको पाउदान तुल्याउँदिनँ।" २ परमप्रभुले सियोनबाट तपाईंको शक्तिशाली राजदण्डको विस्तार गर्नुहुनेछ, तपाईंका शत्रुहरूमाथि तपाईंले शासन गर्नुहुनेछ। ३ तपाईंका युद्धको दिनमा तपाईंका प्रजाले स्वेच्छासाथ आफू-आफूलाई दिइहाल्नेछन्। तपाईं पवित्रताको वैभवमा सुशोभित भई, प्रभातको गर्भबाट तपाईंका जवानहरूको ओसलाई तपाईंले प्राप्त गर्नुहुनेछ। ४ परमप्रभुले शपथ खानुभएको छ, र आफ्नो मन बदल्नुहुनेछैन, "मल्कीसेदेकको दर्जाबमोजिम तिमी सधैंभरिको निम्ति पूजाहारी हौ. " प्रकाश १२:५ "त्यस स्त्रीले सारा जातिलाई फलामको डन्डाले शासन गर्ने एउटा छोरो जन्माई। त्यसको बालक परमेश्वरकहाँ उठाइएर उहाँको सिंहासनमा लगियो।"

येशू पुनरुत्थान भएर स्वर्गमा जानुभएको लगत्तै स्वर्गमा रहेको पवित्र मन्दिरको पवित्र कोठाको पहिलो ढोकामा उहाँलाई स्वागत गरिएको थियो। जब प्रकाशको पुस्तकमा येशू पहिलो पल्ट देखापर्नुभएको थियो उहाँ स्वर्गमा रहेको पवित्र मन्दिरको पहिलो कोठामा रहेको सामदान सामु उभिरहनुभएको थियो (प्रकाश १:१०-१८)।

जब यूहन्नाले आफ्नो दर्शनमा स्वर्गको पवित्र मन्दिरको ढोका खोलिएको देखे तब उनले परमेश्वरको करारको सन्दुक देखेका थिए। त्यो

सन्दुक पृथ्वीमा रहेको पवित्र मन्दिरको दोस्रो महापवित्र स्थानमा राखिएको थियो। स्वर्गमा रहेको पवित्र स्थान खोलिएको अर्थ के हो? हेर्नुहोस् प्रकाश ११:१९ "स्वर्गमा परमेश्वरको मन्दिर खोलियो, र उहाँको मन्दिरभित्र उहाँका करारको सन्दूक देखियो। बिजुलीका चमक देखिए। आवाज र मेघ गर्जनहरू सुनिए। भूकम्प गए र ठूला-ठूला असिना परे।" (लेबी १६:११-१४ पनि हेर्नुहोस् "११ "हारूनले आफ्नो पापबलिको साँढ़े ल्याओस्, अनि आफ्नो र आफ्नो घरानाको निम्ति प्रायश्चित गरोस्। त्यसले आफ्नो पापबलिको निम्ति साँढ़े मारोस्। १२ त्यसले परमप्रभुको सामुन्नेको वेदीबाट आगोका फिलिङ्गाहरूले भरिएको धुपौरो र मसिनो गरी कुटेको सुगन्धित धूप मुट्ठीभरि लिएर पर्दाभित्र ल्याओस्। १३ त्यसले परमप्रभुको सामुन्नेको आगोमा धूप हालोस्, र धूपको धूवाँले गवाहीको सन्दूकमाथि भएको कृपा-आसनलाई छोपोस्, नत्रता त्यो मर्नेछ। १४ त्यसपछि त्यसले साँढ़ेको रगतबाट केही लिएर आफ्नो औँलाले कृपा-आसनमाथि छर्कोस्, अनि कृपा-आसनको सामुन्ने आफ्नो औँलाले त्यो रगत सात पल्ट छर्कोस्।"

स्वर्गमा रहेको पवित्र मन्दिरमा रहेको करारको सन्दुकको चित्रण महापवित्र स्थान वा दोस्रो कोठामा थियो भन्ने कुरालाई कसैले बिबाद गरेको छैन। येशूको सेवाकार्य पवित्र मन्दिरको दुवै स्थानहरूमा भएकोले यो देखाउँदछ कि उहाँको सम्पर्क स्वर्ग र पृथ्वीमा छ भनेर देखाउँदछ। यो ज्ञान अत्यन्त निर्णायक र सान्त्वना दिने खालको भएको प्रकाशको पुस्तकले बताउँछ। प्रकाशको पुस्तकमा चित्रण गरिएको अन्तिम समयमा हुने दुःख कष्ट र परीक्षाको इतिहासमा हामीलाई यो बाचा गरिएको छ कि "अन्तिम दिनमा परमेश्वरको दिनको निम्ति तयार हुन उहाँले आफ्ना जनहरूलाई तयार गरिरहनुभएको छ। स्वर्ग र पृथ्वीको बीचमा भएको सम्बन्ध अत्यन्त घनिष्ट भएको पाइन्छ।"-एलेन जी ह्वाइट, *माइ लाइफ टुडे,* पृ. ३०७बाट रूपान्तरित।

## ४. प्रकाशको पुस्तकमा येशू ख्रीष्टः भाग १

प्रकाशको पुस्तकमा रहेको बिषयबस्तुको जे जति छन् त्यसको उद्देश्य केवल एकमात्र छः त्यो हो येशू ख्रीष्टलाई प्रकट गर्नु।

त्यसैकारण यस पुस्तकको शुरूमै लेखिएको छ, "येशू ख्रीष्टको प्रकट" (आपोक्यालिप्सिस लेसु क्रिष्टो ***Apocalypsis Iesou Christou)***।

उक्त वाक्यलाई यसरी लिइएको छ (१) येशू ख्रीष्टबाट प्रकट वा प्रकाश गरिएको वा येशू ख्रीष्टको बारेमा प्रकट वा बुझाउन खोजिएको (प्रकाश १:२)। अङ्ग्रेजीमा रिभलेशन भनिएको र नेपालीमा प्रकाश भनिएको शब्दले

**कतिपय मानिसहरूले यो बुझ्न नसक्ने पुस्तक हो भनेर पन्छाइएको पाइन्छ। (येशूको बारेमा दिव्य आत्मज्ञान प्रकाशको पुस्तकले प्रकट गर्न खोजेकोले त्यस दिव्यज्ञानमा मानिसहरू पस्न नचाहेकोले नै यो पुस्तक पढ्न र बुझ्न खोज्न कतिपय क्रिश्चियनहरू र तिनका अगुवाहरू हिचिकच्याइरहेको अनुभव गरिएको छ)। यदि पाठकहरूले बुझ्न नसकिने वा बुझ्न आवश्यक नभएको भए यो पुस्तक बाइबलमा किन समावेश गरियो त?**

प्रकाश १:१-८मा येशूको बारेमा हामीलाई के जानकारी दिइन्छ? हेर्नुहोस्ः "१ येशू ख्रीष्टको प्रकाश, जो परमेश्वरले चाँडै हुन आउने कुराहरू आफ्ना सेवकहरूलाई देखाउन उहाँलाई दिनुभयो। उहाँले आफ्नो दूत पठाउनुभएर यो कुरा आफ्नो सेवक यूहन्नालाई प्रकट गरिदिनुभयो। २ यूहन्नाले देखेका सबै कुराहरूको, अर्थात् परमेश्वरको वचन र येशू ख्रीष्टको साक्षीको गवाही दिए। ३ त्यो धन्य हो, जसले अगमवाणीका यी वचनहरू उच्च स्वरले पाठ गर्दछ, र धन्य हुन् तिनीहरू, जसले सुन्दछन् र त्यहाँ लेखिएका कुरा पालन गर्दछन्, किनकि समय नजिक छ। ४ यूहन्नाबाट एशियामा भएका सात वटा मण्डलीहरूलाईः उहाँबाट तिमीहरूलाई अनुग्रह र शान्ति, जो हुनुहुन्छ, जो हुनुहुन्थ्यो, जो आउनुहुनेछ, र उहाँको सिंहासन अगि रहनुहुने सात आत्माबाट, ५ विश्वासयोग्य साक्षी येशू ख्रीष्टदेखि, मृतकबाट प्रथम जीवित हुनुभएको, तथा पृथ्वीका राजाहरूका शासकको तर्फबाट। हामीलाई प्रेम गर्नुहुने र आफ्नो रगतले हामीलाई हाम्रा पापबाट स्वतन्त्र पार्नुहुनेलाई, ६ हामीलाई एउटा राज्य, उहाँका पिता र परमेश्वरका पूजाहारीहरू तुल्याउनुहुने, उहाँलाई महिमा र पराक्रम सदासर्वदा होस्। आमेन। ७ हेर, उहाँ बादलहरूसाथ आउँदैहुनुहुन्छ, र हरेक आँखाले उहाँलाई देख्नेछ। तिनीहरूले पनि, जसले उहाँलाई घोचे, र पृथ्वीका सबै कुलहरूले उहाँको कारण विलाप गर्नेछन्। यसै होस्। आमेन। ८ अल्फा र ओमेगा म नै हुँ," सर्वशक्तिमान् परमप्रभु परमेश्वर भन्नुहुन्छ, जो हुनुहुन्छ, जो हुनुहुन्थ्यो र जो आउनुहुनेछ।"

**प्रकाशको पुस्तकमा येशूको परिचय "पृथ्वीका राजाहरूका शासक" (प्रकाश १:५ रूपान्तरित) दिएको छ भने अन्तमा र "राजाहरूका राजा" (प्रकाश १९:१६) भनेर पुस्तक अन्त्य वा इतिश्री गरिएको छ। यस संसारमा भइरहेको अनेकौं गञ्जागोल, दुःखकष्ट, आतङ्कित पार्ने कुराहरूको बीचमा रहनुपर्दा पनि हामीहरूका प्रेमिलो प्रभु र मुक्तिदाता नै सर्वेसर्वा हुनुहुन्छ भन्ने आत्मज्ञानमा सहभागी भएर हामी आनन्द लिन सक्छौं।**

**येशू ख्रीष्ट हामीहरूको मुक्तिदाता हुनुहुन्छ भन्ने प्रकाश १:५मा स्पष्टरूपमा भनिएको छ। "जसले हामीलाई प्रेम गर्नुभयो र उहाँको आफ्नै रगतले हामीहरूको पाप धुनुभएको छ" भन्ने ज्ञानले क्रुसमा हाम्रो निम्ति ज्यान दिएर हाम्रो निम्ति प्रायश्चित गर्नुभएको हो भनेर देखाउँदछ। हामीलाई उहाँले निर्दोषमात्र तुल्याउनुभएन तर पवित्र वा शुद्ध पनि पार्नुभयो (१ कोरन्थी ६:११)। बाइबलमा उल्लेख गरिएका यस्ता पदहरूले हामीहरूलाई दिइने मुक्तिको वाचामा ढुक्क हुनसक्छौं, केवल येशूमात्र हुनुहुन्छ जसले हाम्रो पापलाई धोएर पखाल्नुहुन्छ। हाम्रो धर्मकर्म, त्याग तपस्या वा अथक प्रयासले मुक्ति पाइदैन,स्वर्गमा गइदैन तर केवल येशूको माया तथा अनुग्रहले मात्र मुक्ति पाउँछौं वा पापबाट उद्धार पाउन सक्छौं भनेर बाइबलमा हामीलाई सिकाइएको छ।**

प्रकाश १:७मा येशूको बारेमा हामीलाई के सिकाइएको छ? हेर्नुहोस्ः " ७ हेर, उहाँ बादलहरूसाथ आउँदैहुनुहुन्छ, र हरेक आँखाले उहाँलाई देख्नेछ। तिनीहरूले पनि, जसले उहाँलाई घोचे, र पृथ्वीका सबै कुलहरूले उहाँको कारण विलाप गर्नेछन्। यसै होस्। आमेन।"

सारा **येशूभक्तहरूको आस्था वा निष्ठाको मूल केन्द्रबिन्दु नै बादलमा येशूको आगमनको बाचा हो। उहाँ कुनै काल्पनिक तरिकाले होइन, कुनै मानिसको हृदयमा आउँदा उहाँ आउनुभएको ठहरिन्छ भनेर पनि होइन, न त कुनै उल्लेखनीय धर्मगुरूहरूको अवतार लिएर नै कहिँ कतै आउने हो बरु अक्षरस रूपमा संसारका सबै नाङ्गो आँखाले देख्ने गरेर फर्केर आउनुहुनेछ। त्यो घट्नाले सदाको निम्ति दुःख,कष्ट, गञ्जागोल र संसारलाई भत्काउने तत्वहरूको अन्त्य हुनेछ र अनन्त राज्यको प्रतिज्ञाको वास्तिविकता शुरू हुनेछ।**

प्रकाश १:८ले पनि हामीलाई येशूको बारेमा के सिकाउँछ? हामीले जुनसुकै कष्ट वा परीक्षाहरूको सामना गर्नुपरेतापनि प्रभुमा हामी ढुक्क हुनसक्छौं भन्ने आशा मात्यस पदले हामीलाई कसरी दिन्छ? हेर्नुहोसः " ८ अल्फा र ओमेगा म नै हुँ," सर्वशक्तिन् परमप्रभु परमेश्वर भन्नुहुन्छ, जो हुनुहुन्छ, जो हुनुहुन्थ्यो र जो आउनुहुनेछ।"

## ५. प्रकाशको पुस्तकमा येशू ख्रीष्टः भाग २

अब येशूले आफ्नै बारेमा के भन्नुहुन्छ? हेर्नुहोस् प्रकाश १:१०-१८ " १० प्रभुको दिनमा म आत्मामा थिएँ, र तुरहीको जस्तो एउटा चर्को आवाज मेरो पछाडि यसो भनिरहेको मैले सुनें, ११ तिमी जे देख्तछौ, सो एउटा पुस्तकमा लेख, र सातै वटा मण्डलीलाई पठाऊ, अर्थात् एफिसस, स्मुर्ना, पर्गामम,

थिआटीरा, सार्डिस, फिलाडेल्फिया र लाउडिकियालाई।" १२ मसँग बोल्नेलाई हेरौं भनेर म पछि फर्के। फर्केर हेर्दा सात वटा सुनका सामदान १३ र सामदानहरूका माझमा मानिसको पुत्रजस्तै पाउसम्मै पोशाक लाउनुभएको र छातीमा सुनौला चौडा फित्ता लाउनुभएको एक जनालाई मैले देखें। १४ उहाँका शिर र केश ऊनजस्तो सेता र हिउँजस्तै सेता, र उहाँका आँखा आगोका ज्वालाजस्तै थिए। १५ उहाँका पाउहरू आगोको भट्टीमा खारेर टल्काइएका काँसाजस्ता थिए, र उहाँको सोरचाहिँ उर्लिंदो पानीहरूको आवाजजस्तै थियो। १६ उहाँको दाहिने बाहुलीले सात वटा ताराहरू पक्रिराखेको थियो, र उहाँको मुखबाट धारिलो दुईधारे तरवार निस्केको थियो। उहाँको मुहारचाहिँ पूरा तेजमा चम्केको सूर्यजस्तै थियो। १७ जब मैले उहाँलाई देखें, तब म मरेतुल्य भएर उहाँका पाउमा परें। तर उहाँले आफ्नो दाहिने बाहुली यसो भनेर ममाथि राख्नुभयो, "डराऊ, आदि र अन्त्य १८ र जीवितचाहिँ म नै हुँ। म मरेको थिएँ। हेर, म सदासर्वदाको निम्ति जीवित छु, अनि मृत्यु र पातालका साँचाहरू मसित छन्।"

**स्वर्गमा रहेको पवित्र मन्दिरको पहिलो भाग वा कोठामा येशू उभिनुभएको ती पदहरूले देखाइएको छ। येशूको तेजस्वीमय महिमाको दर्शन र उहाँले खेलिरहनुभएको भूमिका यस्तो महान् थियो कि यूहन्ना डरले काँपेर उहाँको पाऊमा घोप्टिन पुगे। ममतामयी येशूले यूहन्नालाई सान्त्वना दिँदै नडराऊ भनेर ढाढस दिनुभएको थियो। आफू अल्फा र ओमेगा, अर्थात् पहिलो र अन्तिम भनेर औंल्याउनुभएको थियो। यो सम्बोधनले उहाँ सनातन परमेश्वर हुनुहुन्छ भनेर उहाँको अस्तित्वको बारेमा पहिचान दिँदछ। पछि उहाँले आफ्नो मृत्यु र पुनरुत्थान तथा उहाँको पुनरुत्थानले ल्याउने आशाको बारेमा चर्चा गर्नुहुन्छ। मृत्यु र पातालको साँचो उहाँसँग छ। जब लाजरसको मृत्युपछि उनका दिदी मार्थालाई जे भन्नुभएको थियो त्यही कुरा यूहन्नाले यहाँ दोहोऱ्याउँछन्: "पुनरुत्थान र जीवन मै हुँ। जसले मलाई विश्वास गर्छ ऊ मरेतापनि जीउनेछ। र जो मलाई विश्वास गरेर बाँचिरहन्छ त्यो कहिल्यै मर्नेछैन। के तिमीले यो विश्वास गर्छौ?" (यूहन्ना ११:२५,२६ रूपान्तरित)।**

**सम्पूर्ण येशूभक्तहरूमा रहेको आस्थाको केन्द्रबिन्दुलाई येशूले मार्था र यूहन्ना मार्फत औंल्याउनुहुन्छ। त्यो हो पुनरुत्थानको आशा। त्यो नभए यस संसारमा हामीहरूको अस्तित्वको उद्देश्य के छ र?**

फेरि प्रकाश २२:७,१२,१३ पढ्नुहोस्। यी पदहरूले पनि येशूको बारेमा के भन्छ? हेर्नुहोस्: " ७ हेर, म चाँड़ै आउँदैछु। यस पुस्तकको

अगमवाणीका वचन पालन गर्ने धन्यको हो। १२ हेर, म चाँड़ै आउँदैछु। हरेक मानिसलाई उसले गरेअनुसार दिने प्रतिफल मसँग छ। १३ म अल्फा र ओमेगा, पहिलो र अन्तिम, आदि र अन्त्य हुँ।"

**"येशू ख्रीष्ट अल्फा र ओमेगा हुनुहुन्छ। उहाँ पुरानो करारको उत्पत्ति र नयाँ करारको प्रकाशमा अन्त्यको परमेश्वर हुनुहुन्छ। दुवै पुस्तकहरूमा येशू ख्रीष्ट भेटिनुहुन्छ। दोस्रो आदमको आज्ञाकारिताबाट परमेश्वर र आदम वा मानवको बीचमा पुनर्मिलन भएको छ। शैतानले ल्याएको परीक्षालाई दोस्रो आदम येशूले जित्नुभएर परमेश्वरको चाहनालाई पूरा गर्नुभएको थियो। पहिलो आदमको लज्जास्पद,असफल र पतनलाई येशूले उद्धार गर्नुभएको थियो।"-एलेन जी ह्वाइट कमेन्टस्, द एसडिए बाइबल कमेन्टरी, ठेली ६, पृ. १०९२,१०९३द्वारा रुपान्तरित। हो येशू शुरू र अन्त हुनुहुन्छ (त्यसको अर्थ हामीहरूको विश्वासको शुरू र अन्त उहाँ नै हुनुपर्छ अरू कुनै व्यक्तिविशेष होइन|अनुवादकको टिप्पणी)। उहाँले शुरूमा हामीलाई सृष्टि गर्नुभयो र उहाँले पुनसृष्टि अन्तमा गर्नुहुनेछ।**

**प्रकाशको पुस्तकले हामीलाई इतिहासमात्र होइन युगको अन्तको बारेमा सिकाउने भएकोले यो अझै पनि येशूको बारेमा र येशूलाई प्रकट गर्ने प्रकाश हो। अन्तको युगको बारेमा हामीले जे अध्ययन गरेतापनि त्यस अध्ययनको केन्द्रबिन्दु येशू नै हुनुपर्छ वा उहाँलाई नै मध्यनजरमा राखेर अध्ययन गरिनुपर्छ।**

हाम्रो जीवनको प्रत्येक दिनमा येशूलाई नै केन्द्रविन्दु बनाएर अघि बढ्न कस्ता तरिकाहरू अपनाउनुपर्छ?

## उपसंहारः

थप जानकारीः **"प्रकाशको पुस्तकमा परमेश्वरको बारेमा गहिरो कुराहरूको चित्रण गरिएको छ। "प्रकाश" नाउँ आफैले हामीहरूको आत्मिक आँखालाई प्रज्वलित तुल्याउँछ। कतिपय मानिसहरूले यस पुस्तकमा लालमोहर लगाइएको छ र यसलाई बुझ्न सकिदैन भनेर अन्यायपूर्ण धारणा राख्दछन्। प्रकाशको अर्थ नै कुनै कुरा लुकेको छ भने त्यसलाई देखाउने हो। त्यस पुस्तकमा रहेका रहस्यहरूलाई परमेश्वर आफैले उहाँका सेवकलाई प्रकट गर्नुभएको थियो। र सबैले पढुन भनेर नै परमेश्वरले त्यस्तै रूपमा रच्नुभएको हो। यूहन्नाको समयसम्मका लागि मात्र होइन तर युगको अन्तमा रहने मानिसहरूको निम्ति पनि उक्त सत्यहरूलाई सम्बोधन गरिएको छ। त्यस पुस्तकमा उल्लेख गरिएका भविष्यवाणीका दृश्यहरू केही बितिसकेका छन् भने केही बित्दै गरेको**

**देखाइन्छ। युगको अन्त्यमा हुने स्वर्गको राजकुमार र अन्धकारको शक्तिको बीचमा हुने महान् युद्ध वा संघर्ष हुन बाँकी भएको पनि कुनै दृश्यहरूले देखाउँदछन। साथै कुनै दृश्यहरूले मुक्ति पाएकाहरूले नयाँ पृथ्वीमा पाउने बिजयको स्वाद र आनन्दको अनुभव पनि प्रकाशको पुस्तकले कोर्दछ।"-एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्ट्लस्,* पृ. ५८४बाट रूपान्तरित।**

**प्रकाशको पुस्तकमा उल्लेखित केही पदहरू यस अध्यायमा हेर्‍यौं। पुस्तकको शुरूमा र अन्तमा के लेखिएको छ सो पनि हामीले हेर्‍यौं। ती केही पदहरूले येशूको बारेमा के प्रकट गरेको छ र उहाँको बारेमा के भन्छ सो पनि हामीले हेर्‍यौं। पुरानो करारको ऐतिहासिक वचनहरूले येशूको बारेमा जे औंल्याएतापनि प्रकाशको पुस्तकले प्रभु येशूको बारेमा हामीलाई धेरै कुराहरू सिकाउँदछ। प्रकाश ३:१४, ५:५,६, ७:१४, १९:११-१६ले येशूको बारेमा अझ थपेको छ। जब हामी ती सबै पदहरूलाई मिलाएर हेर्छौं तब त्यसले येशूको बारेमा प्रभावकारी चित्रण गरेको छ र उहाँलाई पछ्याउँछु भनेर दावी गर्नेहरूको निम्ति ती चित्रणहरू अर्थपूर्ण मान्नु हुन आउछ।**

**चिन्तनमनन :**

अ. नयाँ करारभरि बारम्बार पुरानो करारका पुस्तकहरूबाट उदधृत गरिएका वचनहरूले हाम्रो निम्ति त्यो किन महत्त्वपूर्ण हुनगएको छ? हाम्रो बिश्वासको केन्द्रविन्दु पवित्र धर्मशास्त्र बाइबल कसरी हुनुपर्छ र परमेश्वरको वचनलाई हामीले किन गम्भीररूपमा लिनुपर्छ भनेर थाहा पाउनु किन जरुरी छ? हाम्रो व्यक्तिगत जीवनमा र चर्चको जीवनमा बाइबलको आधिपत्यलाई कुनै न कुनै प्रकारले घटाउने तत्वहरूबाट हामीले कसरी जोगिनुपर्छ?

आ. प्रकाशको पुस्तक सरसर्ती हेर्नुहोस्। येशूको बारेमा विशेष के बताइएको छ सो जम्मा गरेर लेख्नुहोस्। हाम्रो प्रभु येशूको स्वभाव, काम, शक्ति र चरित्रको बारेमा **के के भनिएको छ?** ती पदहरूले तपाईंलाई कस्तो सान्त्वना मिल्दछ?

इ. मृत्यु, आतङ्क, पीडादायी दुःखकष्ट जस्ता तत्वहरूले डुवाइरहेको यस संसारमा पुनरुत्थानको सन्देशले हामीलाई कस्तो आशा र सान्त्वना दिन्छ?

कथा ३

नौ कक्षाको विद्यार्थीको प्रभाव

**कमलिथा बुल्स ६२ र ह्यारोल्ड बुल्स ६०**

**मार्शल आइलाण्डस्**

प्यासिफिक समुद्रमा रहेका टापुहरूको देश मार्शन आइलाण्डको दुर्गम टापुमा रहेको सेभेन्थ-डे एडभेन्टिस्ट मिसन स्कूलमा कमलिथाले आफ्नो छोरो फ्रेडरिकलाई पढ्न पठाएकी थिइन्। एक दिन उनको छोरो त्यस स्कूलबाट घर आएको थियो र त्यसै दिन उसले आफ्नी आमालाई हप्ताको सातौं दिन साबथकबारेमा प्रथम पल्ट सुनाएको थियो।

तर साबथको बारेमा थाहा पाएरपनि आठ जना छोराछोरीहरूकी आमा कमलिथाले आफूले मानिआएको आइतबारे चर्च नछोड्ने अठोट गरेकी थिइन्। उनलाई अन्य चर्चका मानिसहरूले पनि बाइबल अध्ययन गर्न बोलाउँथे तर उनी कहीं पनि जाँदिनथिन्।

नौ कक्षामा पढ्ने छोरा फ्रेडरिकले बाइबल क्लासमा सिकेका साबथको विषयमा जतिसुकै उत्साहित भएर सुनाए तापनि आमा कमलिथाले आफ्नो दिमागलाई परिवर्तन नगर्ने कुरा छोरोलाई भनेकी थिइन्। बरु आइतवारको सट्टा शनिबार चर्च जानु गलत हो भनेर उल्टै सम्झाइ रहेकी थिइन्।

"आमा, तपाईं आफै बाइबल पढेर पत्ता लगाउनुहोस्। मैले सत्य कुरो गरेको हो कि होइन भन्ने कुरा तपाईं आफैले थाहा पाउनुहुनेछ" कमलिथाको छोरो फ्रेडरिकले भन्यो।

कमलिथाले आफ्नो जेठो छोरो फ्रेडरिकले इसाई शिक्षा पाओस् भनेर इबेईमा रहेको सेभेन्थ-डे एडभेन्टिस्ट स्कुलमा पठाएकी थिइन्। त्यो स्कूल उनको घर नजिकै पनि थियो।तर इबेईको स्कूलमा बाहिरी कलेजका किशोर किशोरी विद्यार्थीहरू आएर अङ्ग्रेजी पढाउने भएकोले अरू स्कूल भन्दा नाउँ चलेको थियो।

फ्रेडरिकले आफूले सिकेका बाइबलका वचनहरू र कण्ठ गरेका पदहरू आमालाई सुनाउथ्यो । विशेष गरेर मत्ती ६ः३३को पद आमालाई बारम्बार सुनाउँथ्यो। उक्त पदमा यसरी लेखिएको छ, "परमेश्वरको राज्य

पहिले खोजी गर र उहाँको धार्मिकता, र सबै थोक तिमीलाई थपिने छ" (रूपान्तरित)।

सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको स्थापना गर्न सहयोग गर्ने एलेन जी ह्वाइटको बारेमा पनि उसले आफ्नी आमालाई सुनाउँथ्यो।

"कतिपय मानिसहरुले एलेन जी ह्वाइटको बारेमा किन बिरोध गर्छन् मलाई थाहा छैन, तर उनले केवल बाइबललाई मात्र औँल्याएकी छिन् " फ्रेडरिकले आमालाई सुनायो।

आफ्नो छोरालाई बाइबलको बारेमा ज्ञान भएकोमा कमलिथा प्रभावित त भएकी थिइन् तर एडभेन्टिस्ट चर्चमा आउन आमालाई जति अनुरोध गरेतापनि आमा भने जान मानिरहेकी थिइनन्। ग्वाम टापुबाट पाहुना प्रचारक आउँदा पनि छोरा फ्रेडरिकले उत्साहित हुँदै आमालाई चर्चमा आउन अनुरोध गर्दथ्यो। तर एडभेन्टिस्ट चर्चमा जान उनी राजी भइनन्। एकदिन उनको छोरो फ्रेडरिकले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिने निर्णय गर्दा उनले त्यसको बिरोध पनि गरिन।

तर भित्रभित्रै कमलिथाले परमेश्वरसँग गोप्यरूपमा यो प्रार्थना गरेरहेकी थिइन् "हे प्रभु म सही चर्चमा गइरहेको छु कि छैन मलाई देखाउनुहोस्। बाइबलमा सत्य वचन सिक्ने उपायहरू के छन् त्यो पनि मलाई प्रकट गर्नुहोस्।"

समय बित्दै जादा उनीहरू रहेको टापुमा लामो खडेरी शुरु भयो। इबेई टापुको सबै पिउने पानीका मुहानहरू सुके। किनभने त्यो टापु बालुवै बालुवाको टापु थियो र त्यहाको १२,००० मानिसहरूमध्ये आधा मानिसहरू १८ वर्षभन्दा कम उमेरका थिए। इबेई टापुको नजिकै अर्को टापु पनि थियो र त्यहाँ रहेका अमेरिकन सैनिक अखडाबाट इबेई बस्तिका मानिसहरूले दिनदिनै डुङ्गाबाट पानी ल्याउन थाले। प्रायजसो इबेईका सबै मानिसहरूलाई त्यही अखडाले जागीर दिएको थियो। कमलिथापनि त्यसमा सहभागी भइन्।

एक दिन पानी भर्न मानिसहरू जम्मा भइरहेका थिए त्यसबेला तिनीहरूमध्ये बेलायतबाट आएकी एक जना विद्यार्थी शिक्षिका पनि पानी लिन पर्खिरहेकी थिइन्। उनी इबेई स्कुलमा पढाउँथिन्। त्यहिबेला कमलिथासँग उनको चिनाजानी भयो। तिन दिनसम्म तिनीहरू संगसंगैं पानी भर्न सैनिक अखडामा आए। र तेस्रो दिनमा ती विद्यार्थी शिक्षकाले अन्द्रिया संगसंगै बाइबल अध्ययन गर्न कमलिथालाई पनि निम्तो दिइन्। अघिका दिनहरुमा कसैले

बाइबल अध्ययन गर्न बोलाउदापनि उनी जदिनथिन, तर त्यसदिन उनले मञ्जुरी दिएकी थिइन्। आन्द्रिया एक हप्तासम्म बाइबल सिकाउन कमलिथाको घरमा गइन्।

"जब उनले परमेश्वरको वचन सुनाइन् त्यो वचनले मेरो हृदयलाई छोएको थियो र तुरन्तै बप्तिस्मा लिउँ जस्तो लागेको थियो। यो कस्तो अचम्म भयो। इबेई टापुका विभिन्न सम्प्रदायका मानिसहरूले मलाई तिनीहरूको चर्चमा बोलाउँथे तर म कहीँ पनि जान्नथें। तर जुनदिन देखि मैले एडभेन्टिस्टहरुले सिकाएको सत्य सुनें त्यसदिनदेखि म त्यो सत्यप्रति आकर्षित भएँ र मैले बप्तिस्मा लिएँ" कमलिथाले भनिन्।यो खुशीको खबरले उनको छोरा फ्रेडरिक खुशीले गद्गद् भएको थियो।

बप्तिस्मा पछि कमलिथालाई उक्त स्कूलका शिक्षकहरूलाई सहयोग गर्नका लागि बोलायो। र पछि चर्चकै संचालक समितिको सदस्यमा उनलाई नियुक्त गरियो।

अब कमलिथा आफ्नो श्रीमान ह्यारोल्डको निम्ति पनि घन्टौंसम्म प्रार्थना गर्न थालेकी थिइन्। ह्यारोल्ड सैनिक अखडामा भान्सेको नाइकेको रुपमा काम गरेर घर फर्कन्थे। उनी चुरोठ र रक्सीको लतमा नराम्रोसँग लागेका थिए। बेलुका घर फर्कंदा उनी रक्सी र चुरोठले मातेका हुन्थे ।

एकदिन एडभेन्टिस्ट पास्टर टमी किल्मेले उनीसँग बाइबल अध्ययन गर्न ह्यारोल्डलाई अनुरोध गरे। ह्यारोल्डले पनि सहमति जनाए। टमीसँग बाइबल अध्ययन गर्न थालेपछि ह्यारोल्डले पनि आफ्नो हृदयलाई येशूमा सुम्पेका थिए।

कमलिथा र ह्यारोल्डले आफ्ना सबै आठजना छोराछोरीहरूलाई एडभेन्टिस्ट स्कूलमा पठाए। तिनीहरूमा चार जनाले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा पनि लिए। तिनीहरूका दुई नाति-नतिनाहारू त्यही स्कूलमा भर्ना पनि भएका छन्।

६० वर्ष पुगेका ह्यारोल्ड अहिले पनि अमेरिकी सैनिक अखडमा काम गर्दछन् र इबेई सेभेन्थ-एडभेन्टिस्ट चर्चको एल्डर पनि भएका छन्। त्यो चर्च स्कूलको ठूलो कोठामा चल्दछ। हरेक साबथमा ६० जनाजति मानिसहरू परमेश्वरको आराधना गर्न त्यहाँ जम्मा हुन्छन्।

"परमेश्वर अत्यन्तै दयालु हुनुहुन्छ। उहाँले हाम्रो जीवनलाई सम्हाल्नुहुन्छ। उहाँले साँच्चिकै मद्दत गर्नुहुन्छ। हामीलाई जहिले पनि जे

भएपनि हामीलाई सहायता गर्न उहाँ जहिले पनि तत्पर हुनुहुन्छ" ह्यारोल्डले खुशी व्यक्त गर्दै भने।

६२ वर्षकी कमलिथा अहिले एडभेन्टिस्ट स्कूलमा मार्शलिज भाषा सिकाउने शिक्षिका भएकी छिन्। इबेईका साथी र छिमेकीहरूलाई उनी बाइबल पनि सिकाउँछिन्। उनको प्रयासले पाँच जना मानिसहरूले बप्तिस्मा लिन सफल भएका छन्।

अब, कमलिथा उनको पुरानो ठाउँ मालोलाप भन्ने टापुमा फर्कन चाहन्छिन्। त्यहाँ एडभेन्टिस्ट चर्च स्थापना गर्न चाहन्छिन्। १५० जना रहेको त्यस टापुमा कोही पनि एडभेन्टिस्टहरू छैनन्। स्थानीय चर्चका अगुवाहरूको सहयोगमा उनी त्यस टापुमा गएर प्रभु येशूको आगमनको बारेमा सिकाउन चाहन्छिन्।

सिर्फ नौ कक्षाको फ्रेडरिकले सन् २००३मा सेभेन्थ-डे एडभेन्टिस्ट स्कूलमा भर्ना भएको कारणले मार्शन आइलाण्डका धेरै मानिसहरू एडभेन्टिस्ट भएका छन्। "परमेश्वरलाई अति धन्यवाद छ किनकि परमेश्वरले हामीलाई चुन्नुभयो र उहाँले अचम्मसँग काम गर्नुहुन्छ" कमलिथाले व्यक्त गरिन्।

यस त्रैमासिक मिसन भेटीको केही भाग इबेई सेभेन्थ-डे एडभेन्टिस्ट स्कूलका थोत्रो कक्षाकोठाहरूलाई मर्मत गर्न सहयोग गरिनेछ, ताकि धेरै बालबालिकाहरू त्यस स्कूलमा जाऊन् र इबेई टापुमा रहेका तिनीहरूका आमाबाबुहरूले मात्र होइन तर अरूले पनि प्रभू येशूको बारेमा सिक्न सकुन्।

**मार्शल आइलाण्डको बारेमा थप जानकारीः**

अ) मार्शल आइलाण्डलाई सङ्लो पानीले घेरेको छ र १,००० भन्दा धेरै खालका माछाहरू त्यहाँ पाइन्छ। २५० भन्दा बढी कोरल अर्थात् बिशेष समुद्रका बस्तुहरू पाइन्छ। धेरै मानिसहरू त्यहाँ डुवुल्की मार्न आउने भएकोले संसारमै त्यो ठाउँ डुबुल्की मार्नका लागि प्रख्यात भएको छ।

आ ) सन् २०११मा सरकारले २,००० किलोमिटर क्षेत्रलाई ओगटेर शार्क माछाहरूको निम्ति आरक्षण स्थान बनायो। यो शार्कमाछाको निम्ति संसारकै सबभन्दा ठूलो आराक्षण पनि हो।

इ ) मार्शल आइलाण्डको समुद्रमा २२ जातका विभिन्न शार्क माछाहरू पाइन्छन्। निलो शार्क, सिल्की शार्क बिगेइ थ्रेशर शार्क, पेलाजिक थ्रेशर शार्क, ओशानिक ह्विप शार्क र टनी नर्स शार्क जस्ता प्रख्यात शार्कहरू त्यहाँ पाइन्छ।